UNITED NATIONS

NATIONS UNIES

# नेपालका सम्बन्धमा महासचिवका तर्फबाट उहाँका प्रवक्ताद्वारा जारी वक्तव्य

**न्यूयोर्क, २०६६ बैसाख २१** (२००९ मे ४)

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल ('प्रचण्ड') द्वारा दिइएको राजिनामाका बारेमा महासचिवलाई ज्ञात भएको छ । राजिनामा दिनुपर्ने गरी सिर्जना भएको परिस्थितिप्रति उहाँ दुःखित हुनुहुन्छ भने संविधानको निर्माणमा निरन्तर सहभागितासहित शान्ति प्रक्रियाप्रतिको प्रतिबद्धतामा माओवादी पार्टीले आश्वस्त पारेकोमा उहाँ उत्साहित हुनुहुन्छ ।

यस सम्बन्धमा संयम बन्न तथा राजनीतिक सहमतिका लागि महासचिवले पुनः जोड दिनुभएको छ । उहाँले विस्तृत शान्ति सम्झौतासहित अन्य सम्बन्धित सम्झौता विशेषगरी नेपाली सेना तथा माओवादी सेनालाई स्पष्ट र विशेष सीमा बन्धन तोकेको सेना तथा हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको पूर्ण पालना गर्न सम्बन्धित सबै पक्षलाई अपिल गर्नुभएको छ ।